नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

चलानी नं.:-

मितिः २०८०/०४/११

## कर्मचारी सरुवा व्यवस्थापन सम्बन्धी अत्यन्त जरुरी सूचना ।

१. **सरुवा सम्बन्धमा:-**

"निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (३) को खण्ड (क) बमोजिम "क" वा "ख" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कार्य गरी कार्य अवधि पूरा भएका निजामती कर्मचारीहरुले सोही उपदफाको खण्ड (ख) बमोजिम "ग" वा "घ" वर्गको भौगोलिक क्षेत्रमा साथै सोही उपदफाको खण्ड (ख) बमोजिम "ग" वा "घ" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कार्य गरी कार्य अवधि पूरा भएका निजामती कर्मचारीहरुले सोही उपदफाको खण्ड (क) बमोजिम "क" वा "ख" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कार्य गर्न ईच्छुक भएमा PIS अद्यावधिक गरी ९ (नौ) दिन भित्र यस मन्त्रालयको ईमेल saruwa2080@gmail.com मा निजामती सेवा नियमावली, २०५० को अनुसूची ९ बमोजिमको ढाँचामा सरुवा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ" ।

२. **PISअद्यावधिक गर्ने सम्बन्धमा:-**

"निजामती सेवा ऐन, २०४९, निजामती सेवा नियमावली, २०५०, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गरिने सरुवा समेतको व्यवस्थापनको लागि अधिकांश कर्मचारीहरुको PIS अद्यावधिक भएको नदेखिएकोले प्रत्येक निजामती कर्मचारीहरुले आफ्नो हालसम्मको विवरण (नियुक्ति, पदस्थापन, सरुवा, समायोजन, काज, कामकाज, रमाना, हाजिर भएको जानकारी लगायत सम्पूर्ण विवरण) ७ (सात) दिन भित्र अनिवार्य रुपमा अद्यावधिक गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ" ।

०८०/०४/११
(रविन्द्र राई)
उपसचिव

अनुसूची-९.
(नियम ३६ को उपनियम (१७) सँग सम्बन्धित)
**सरुवा माग गर्ने निवेदनपत्रको ढाँचा**

मिति- २०..... / ... / ...

विषय:- सरुवा हुन पाउँ ।

श्रीमान् ............................ज्यू,
.................................

महोदय,

तल उल्लिखित निकायमा सरुवा भई राष्ट्र सेवा गर्ने अवसर पाउन मेरो भएको सत्य तथ्य विवरणहरु सहित सम्बद्ध कागजात यसै साथ संलग्न राखी यो निवेदन गरेको/गरेकी छु ।

**कर्मचारीको विवरण:**

| कार्यालयको नाम | पद | सेवा/समूह/उपसमूह | श्रेणी | जन्म मिति | सो कार्यालयमा हाजिर भएको मिति | घर ठेगाना र ना.प्र.पत्र नं.,मिति (जिल्ला) |
|---|---|---|---|---|---|---|
| | | | | | | |

यसभन्दा अगाडि कार्य गरेको विवरण (क्रमागत पछिल्लो आधारमा)

| कार्यालयको नाम | पद | सेवा/समूह/उपसमूह | श्रेणी | ...देखि.....सम्म | वर्ष/महिना | भौगोलिक क्षेत्र |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

**सरुवा हुन चाहेको जिल्ला र कार्यालय (प्राथमिकताक्रमको आधारमा)**

१.
२.
३.

संलग्न कागजातहरु
१. सम्बन्धित कार्यालयमा कामकाज गरेको पुष्ट्याई हुने कागज
२. सरुवा हुन चाहेको कारण र प्रमाण

यसमा लेखिएको व्यहोरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सजाय भोग्न तयार छु ।

निवेदक
नाम थर:
पद:
क.सङ्केत नं.
कार्यालय: